# " युवा प्रतिभा पहिचान " कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९

स्वीकृत मिति २०७९।०१।१४

प्रस्तावनाः बदलिंदो विश्व परिवेशको माग अनुसार वर्तमान अवस्थाको शिक्षा प्राप्त गर्ने युवाहरु प्रतिश्पर्धी र प्रतिभावान हुन जरुरी भै सकेको छ । युवाहरुमा हुने अन्तरनिहित प्रतिभालाई उजागर गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले आ.ब. २०७८।०७९ को कार्यक्रममा युवा प्रतिभा पहिचानको कार्याक्रम स्वीकृत गरेको र सो कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाई प्रभावकारी रुपमा संचालन गर्नको लागि प्रदेश युवा परिषद् ऐन २०७६ को नियम ३२ को उपनियम २ बमोजिम युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "'युवा प्रतिभा पहिचान" कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९ रहेको छ ।

२) यो कार्यविधि युवा तथा खेलकुद मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "युवा प्रतिभा पहिचान"' कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले यस बागमती प्रदेश भित्रका १६-२४ उमेर समुहका युवाहरु मध्ये कुनै एक विधामा खुल्ला प्रतिश्पर्धा गराइ प्रतिभा पहिचान गर्ने कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) “मन्त्रालय” भन्नाले बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झिनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को कार्यालय, हेटौडा, मकवानपुर सम्झनु पर्दछ ।

ङ) "युवा" भन्नाले १६-२४ को युवा समुहलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यः</u>

क) युवाहरुको अन्तरनिहित प्रतिभाको विकास हुने ।

ख) अन्तरनिहित प्रतिभा पहिचान गर्न सकिने ।

४. <u>लक्षित व्यक्तिहरु</u> (१) यस बागमती प्रदेशका १३ जिल्लाका प्रतेक स्थानिय तहको १ जना महिला र १ जना पुरुष युवा जसले यस तोकिएको विधामा दख्खल राख्न सक्दछ सोही युवा स्थानिय तहको शिफारिसमा प्रतिश्पर्धामा भाग लिन पाउने ।

२. उमेर समुह १६-२४ हुनु पर्ने ।

५. <u>स्थानिय निकायले गर्नुपर्ने कार्यः</u>

क) आफ्नो स्थानिय तह भित्रका शैक्षिक संस्था का वा अन्य क्षेत्रका १६–२४ उमेर समुहका युवाहरुमा जसको यस तोकिएको विधामा दख्खल छ सोही युवालाई तोकिएको मितिमा प्रतिश्पर्धामा भाग लिन पठाइदिने ।

ख) सहभागी युवाको नियमानुसारको आतेजाते गाडी भाडा यस कार्यालयले बेहोर्नेछ । यसको जानकारी सहभागीलाई दिनु पर्नेछ ।

ग) युवा प्रतिभा पहिचानको यस आ.ब. को कार्यक्रममा १३ जिल्ला सहभागी गराउनु पर्ने भएकोले निम्न जिल्लाको केन्द्र निम्न जिल्लामा राखी सदरमुकाममा एकै साथ "वक्तृत्वकला प्रतियोगिता " आयोजना गरिनेछ र विषय निम्नानुसार रहनेछ ।

घ) वक्तृत्व कलाको विषय "सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धनः बागमतीमा युवा सशक्तीकरण" हुनेछ ।

६. युवा प्रतिभा छनौटका आधारहरुः

(१) यस कार्यक्रमको संचालन गर्न निम्नानुसारको समिति रहने छ ।

| | |
|---|---|
| क) कार्यकारी उपाध्यक्ष | संयोजक |
| ख) मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ग) कार्यालय प्रमुख | सदस्य सचिव |

(२) यस समितिले घटीमा ३ जना विज्ञ छनौट गरी निजहरुवाट वक्तृत्वकलाको मूल्यांकन गरी पुरस्कार प्रदान गर्नेछ । र यसै समितिले आवश्यकता अनुसार संयुक्त बैठक बसी कुनै समस्या वा दुविधा मा समाधान निकाल्नेछ ।

क) मूल्यांकनका आधारहरु

१) विज्ञ सहितको समितिले युवाहरुवाट प्रस्तुत गरिएको वक्तृत्वकलाको विषयवस्तु र प्रस्तुती हावभाव अनुसार मूल्यांकन गरी गर्न लगाई प्राप्त अंकको आधारमा प्रथम, दित्तिय, तृतिय र सान्त्वना हुने युवाहरुको नाम सिफारिस गर्नेछ ।

प्रदेश स्तरमा प्रदान गरिने पुरस्कार राशीः

२) पुरस्कारको राशी निम्नानुसारको हुनेछ ।

| | |
|---|---|
| क) प्रथम पुरस्कार | ३००००।०० |
| ख) दित्तिय पुरस्कार | २५०००।०० |
| ग) तृतिय पुरस्कार | २००००।०० |
| घ) सान्त्वना पुरस्कार | १००००।०० |

३) जिल्ला स्तरमा प्रदान गरिने पुरस्कार राशीः

क) प्रथम पुरस्कार १ महिला र १ पुरुषको लागि ३०००।०० / ३०००।००

७ .सूचना प्रकाशनः (१)  " युवा प्रतिभा पहिचान "" कार्यक्रम संचालन गर्ने प्रदेश युवा परिषद्को कार्यालयले स्थानिय तहको लागि राष्ट्रिय दैनिक पत्रिकामा  सुचना प्रकाशन गर्नेछ । तथा स्थानिय निकायको लागि पत्राचार पनि गर्नेछ ।

२) प्राप्त सूचनालाई आधारमानी स्थानिय निकायले आफ्नो स्थानिय निकायवाट १ जना महिला तथा १ जना पुरुष सिफारिस गरी वक्तृत्वकलामा भाग लिन पठाउने छ । निम्न स्थानिय निकायको  निम्न स्थानमा कार्यक्रम संचालन गरिनेछ ।

क) धुलिखेल केन्द्रः

१.काभ्रेपलाञ्चोक ,दोलखा ,.रामेक्षाप र सिन्धुपाल्चोक जिल्लाका सम्पूर्ण स्थानिय निकायहरु ।

ख) मकवानपुर केन्द्रः

१. सिन्धुली, मकवानपुर ,चितवन जिल्लाका सम्पूर्ण स्थानिय निकायहरु

ग) नुवाकोट केन्द्रः

१. रसुवा, नुवाकोट जिल्लाका सम्पूर्ण स्थानिय निकायहरु

घ) काठमाडौ केन्द्रः

१. धादिङ, काठमाडौं , ललितपुर , भक्तपुर  जिल्लाका समंपूर्ण स्थानिय निकायहरुः

३.  जिल्ला जिल्लावाट प्रतिभाको छनौट पश्चात प्रदेश स्तरमा जिल्लागत प्रथम भएका १ पुरुष र १ महिलाको प्रतियोगिता संचालन गरिनेछ । जसको मिति र सूचना सहभागी प्रतियोगीलाई ७ दिन अगाडी दिइनेछ ।

८. लेखा परीक्षणः (१) "युवा प्रतिभा पहिचान "" कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

९. अनुगमन तथा मूल्याङ्कनः (१) स्थानिय तह र जिल्ला तहमा स्थानिय तथा जिल्ला र  प्रदेश स्तरबाट प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालय तथा सरोकारवाला मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

१०. विविधः  यस कार्यविधि  बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

११. निर्देशनको पालनाः  सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना सबै सरोकारवालाले गर्नु पर्नेछ ।

१२. कार्यविधि संसोधन गर्न सक्नेः  आवश्यकता अनुसार मन्त्रालयले कार्यविधि संसोधन गर्न सक्नेछ

१३. वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालय तथा तोकिएको कार्यमा तोकिएको समितिले  बाधा अड्काउ फुकाउन सक्नेछ ।